नेपाल सरकार
शिक्षा मन्त्रालय
शिक्षा विभाग
सानोठिमी, भक्तपुर

नेपालको शिक्षाक्षेत्रका लागि

# भैपरि योजना

२०१६

(Contingency Plan for Nepal Education Cluster – 2016)

प्रमाणित प्रति
२०७३/१०/१२

[redacted]-निर्देशक

उप-निर्देशक

# १. बिषय सूची


| | | |
|---|---|---|
| १. | **बिषय सूची** | २ |
| २. | **संक्षिप्त शब्दावली** | ५ |
| ३. | **परिचय** | ६ |
| ४. | **पृष्ठभूमी** | ७ |
| | नेपालमा शिक्षा | ७ |
| | किन आपतकालीन अवस्थामा शिक्षा ? | ८ |
| | शिक्षा अधिकारका लागि बिश्वब्यापी प्रचलन | ९ |
| | नेपाल सरकारको प्रतिबद्धता | १० |
| ५. | **अवस्था र जोखिम बिश्लेषण** | ११ |
| ५.१. | देशको जानकारी र सन्दर्भ विश्लेषण | ११ |
| ५.२. | मानवीय कार्य योजना निर्माणका लागि तथ्याङ्क | १२ |
| ५.३. | परिदृष्यहरु | १३ |
| ६. | **प्रतिकार्य रणनीति** | १८ |
| | उद्देश्यहरु | १८ |
| | प्राथमिकताका क्रियाकलापहरु | २२ |
| ६.१. | पूर्वतयारी र प्रतिकार्य योजना २०१६ | २३ |
| ७. | **कार्यसञ्चालन मापदण्ड प्रक्रिया** | ३७ |
| ८. | **आपतकालीन अवस्थामा शिक्षा समुहको कार्यपद्दति** | ४३ |
| ८.१. | समुदायको सहभागिता/संलग्नता | ४३ |
| ८.२. | केन्द्रमा शिक्षकहरु | ४३ |
| ८.३. | मापदण्ड अनुसार बनाइएको तर लचिलो पद्धति | ४३ |
| ८.४. | सामुदायिक तथा संस्थागत (निजी) विद्यालयहरु | ४४ |
| ८.५. | समावेशी र समता | ४४ |
| ८.६. | लैङ्गिक समानता | ४४ |

**९. समन्वय व्यवस्थापन र प्रबन्धहरु** ४५

९.१. समन्वय व्यवस्थापन ४५

९.१.१ आपतकाल नभएको /सामान्य अवस्था ४७

**९.१.२** स्थानीय आपतकालीन अवस्था ४७

९.१.३ क्षेत्रीय/प्रादेशिक आपतकालीन अवस्था ४८

९.१.४ राष्ट्रिय आपतकालीन अवस्था ४९

९.२. शिक्षा समुहका अभियन्ताहरु ५०

९.२.१ राष्ट्रिय तह ५०

९.२.२ क्षेत्रीय/प्रादेशिक तह ५३

९.२.३ स्थानीय तह ५४

९.३. समुहहरु वीचको समन्वय ५६

९.३.१ राष्ट्रिय तह ५७

९.३.२ स्थानीय तह ६०

९.४. सूचना व्यवस्थापन ६०

९.४.१ सूचनाहरु लिने ६१

९.४.२ सूचनाको विश्लेषण ६१

९.४.३ सूचनाको वितरण ६२

९.४.४ सूचनाहरुको अभिलेख ६२

९.४.५ विभिन्न चरणमा सूचना व्यवस्थापन ६२

**१०. कार्य सञ्चालन वितरण** **६५**

१०.१. अस्थायी कक्षाकोठाहरु निर्माण ६५

१०.१.१ बाल संरक्षण टीमसंग मिलेर बाल मैत्री स्थानको स्थापना ७० ६७

१०.१.२ अस्थायी कक्षाकोठाहरुको स्थापना ६८

१०.१.३ पानी तथा सरसफाई/वास (WASH) ७०

१०.२. सामाग्रीहरु (Supplies) ७४

१०.३ शिक्षक तालिम ७६

१०.४ समुदाय परिचालन ७७

**११. परिचालन सहयोग प्रबन्ध** **७९**

११.१. फ्ल्यास अपील ७९

११.२. लेखाजोखा ८१
११.३ बहस तथा सञ्चार रणनीति ८५
११.३.१ सञ्चार रणनीति ८५
११.४ अन्तरसमुह प्रबन्ध ८६
११.४.१. आश्रय ८७
११.४.२. पोषण तथा खाद्य सुरक्षा ८७
११.४.३ शिविर संयोजन शिविर व्यवस्थापन ८७
११.४.४ संरक्षण तथा बाल संरक्षण सब क्लष्टर ८८
११.४.५ अर्लि रिकोभरी क्लष्टर ८८
११.४.६ स्वास्थ्य क्लष्टर ८८
११.४.७. वास क्लष्टर ८९
११.४.८ लैङ्गिगता र समावेशीता ८९
११.५. सामान्य अवस्थाको शिक्षा समुहको पुनर्प्राप्ति ८९
**१२. पूर्वतयारी टुलकिट ९०**
**१३. अनुसूचीहरु**

## २. संक्षिप्त शब्दावली (Acronyms)

| | |
|---|---|
| BCPR | Bureau for Crisis Prevention & Recovery |
| CCCM | Camp Coordination Camp Management |
| CDC | Curriculum Development Center |
| CERF | Central Emergenecy Response Fund |
| CFS | Child Friendly Apace |
| CNDRC | Central Natural Disaster Relief Committee |
| CRC | Convention on the Rights of the Child |
| CSDA | Cluster Specific Detail Assessment |
| DDC | District Development Committee |
| DEO | District Education Office |
| DEOC | District Emergency Operating Center |
| DLSA | District Lead Support Agency |
| DoE | Department of Education |
| DDRC | District Disaster Relief Committee |
| DPRP | Disaster Preparedness amd Response Plan |
| DRR | Disaster Risk Reduction |
| DRM | Disaster Risk Management |
| ECD | Early Childhood Development |
| ECMT | Education Cluster Monitoring Tool |
| EiE | Education in Emergency |
| EMIS | Education Management Information System |
| GoN | Government of Nepal |
| HC | Humanitarian Coordinator |
| HCT | Humanitarian Country Team |
| IASC | Inter Agency Standing Committee |
| IDP | Internally displaced people |
| INEE | Inter-Agency Network for EDucation in Emergency |
| INGO | International Non-Governmental Organization |
| IRA | Intial Rapid Assessment |
| LEMA | Local Emergency Management Authority |
| LTA | Long Term Agreement |
| MDGs | Millennium Development Goals |
| MIRA | Multi Cluster Initial Rapid Assessment |
| MoE | Ministry of Education |
| MoHA | Ministry of Home Affairs |
| NDRF | National Disaster Response Framework |
| NER | Net Enrolment Rate |
| NEOC | National Emergency Operation Centre |
| NSET | National Society for Earthquake Technology |
| NRCS | Nepal Red Cross Society |
| NGO | Non-governmental Organization |
| OSOCC | On-Site Operation Coordination Centre |
| PABSON | Private and Boarding Schools' Organization Nepal |
| PSS | Psychosocial Support |
| PTA | Parents Teacher Association |
| RED | Regional Education Directorate |
| SC | Save the Children |
| SDG | Sustaianable Deveklopment Goals |
| SDR | Secondary Data Review |
| SMC | School Management Committee |
| SOP | Standard Operating Procedure |
| SSDP | School Sector Development Plan |
| SSRP | School Sector Reform Plan |
| TC | Temporary Classroom |
| TUN | Teachers' Union in Nepal |
| TLC | Temporary Learning Center |
| UNCT | United Nations Country Team |
| UNDP | United Nations Development Program |
| UNICEF | United Nations Children's Fund |
| UNESCO | United Nations Educational, Scientific and Cultural Organization |
| VDC | Village Development Committees |
| WASH | Water Sanitation and Hygiene |
| WDO | Women Development Office |

# खण्ड १

## ३ परिचय

बाढी, भुकम्प, पहिरो, हावाहुरी (आँधी), खडेरी तथा डढेलो जस्ता प्राकृतिक प्रकोपले निम्त्याएका बिपद्हरुले विद्यालयहरुलाई ध्वस्त बनाउने, अन्य शैक्षिक संस्थाहरुलाई पनि क्षति पुऱ्याउनका साथै धेरै मानिसहरुलाई विस्थापित गराउने, घाइते बनाउने तथा ज्यानै लिनेसम्मका घट्ना गराउँदछन् । प्राकृतिक प्रकोपबाट उत्पन्न बिपदहरुले परिवारलाई गरीबीतिर धकेलिदिन्छ । यसले मासिनहरुलाई अंगभंग गराउने, शोकमा डुबाउने, परिवारबाट विछोड (अलग) गराउने र थातथलोबाट विस्थापित गराई दुखको पराकाष्ठमा पुऱ्याउँछ । आपतकालका परिदृष्यहरु छिटो छिटो परिवर्तन हुने भएकोले आफ्ना बालबच्चा तथा आफ्नो सुरक्षा गर्दै प्राणरक्षाका लागि मानवीय बिपत्तिसंग संघर्ष गर्नु पर्ने भएकाले बिपद्का बेलामा परिवारले आफ्ना बालबालिकाहरुलाई विद्यालय पठाउन चाहदैंनन् या पठाउदैंनन् ।

यस्तो अवस्थामा सामान्य शिक्षण सिकाईका अवसरहरु अवरुद्ध हुन्छन् । परिणामस्वरुप बालबालिकाहरुको शिक्षा पाउने अधिकार हनन् भई उनीहरु बालसंरक्षणका अधिकार, बाँच्न पाउने अधिकार तथा बालविकासका अधिकारबाट बञ्चित हुन्छन् । जुन बालबालिका आपतकालीन अवस्थामा विद्यालयमा हुदैनन्, तिनीहरुले सामान्य अवस्थाको होस/चेतना गुमाउन सक्ने जोखिम, वयस्कहरुले लिने जिम्मेवारी लिनुपर्ने, सिकाई र विकासका लागि न्यून अवसर पाउने, मनोसामाजिक पक्षको ह्रास हुने, सानै उमेरमा विवाहका लागि बाध्य पारिने, अपहरणमा पर्ने, बेचबिखनमा पर्ने, अवैध बाल मजदुरी गर्न बाध्य हुनुपर्ने तथा यौन शोषणमा पर्ने जस्ता खतराहरु रहन्छन् ।

यस्तो अवस्थामा सुरक्षित एवं बालमैत्री वातावरणमा शुरु गरिएकोसमयानुकूल आपतकालीन अवस्थाको शिक्षा प्रतिकार्यले शैक्षिक कियाकलापहरुलाई निरन्तरता दिन र प्रभावित  बालबालिका, किशोरकिशोरी तथा तिनीहरुका परिवारलाई सामान्य अवस्थामा फर्काउन महत्वपूर्ण भूमिका खेल्छ । यस्तो आपतकालीन अवस्थाको शिक्षा योजना जोखिममा रहेका बालबालिकाहरुलाई लक्ष्य गरी उनीहरुका आवश्यकताहरुको प्राथमिकीकरण, समता, समावेशी र सहभागिता पक्षलाई ध्यान दिई राम्रो समन्वयमा निर्माण गरिनु पर्छ । आपतकालीन अवस्थाका शिक्षा प्रतिकार्यमा सुरक्षित सिक्ने स्थान, अस्थायी सिकाई कक्षाहरु तथा मनोसामाजिक सहयोगका कार्यहरु समावेश हुनुपर्छ, जसले बालबालिकालाई सुरक्षाको अनुभूति, जीवन बचाउने सीपहरु, औपचारिक शिक्षाको शुरुवात तथा विद्यालय पुनःनिर्माण वा पुनर्मिलनका लागि तयारी रहन मद्दत पुग्ने हुनुपर्छ ।

यसर्थ बालबालिकाहरुका लागि बिपद्का समयमा र बिपद्का समयपछि पनि आपतकालीन अवस्थाको शिक्षा पहिलो प्राथमिकताको कृयाकलाप हो । जो अन्य मानवीय सहायताका प्रतिकार्यहरुसंगै बालबालिकाहरुको शिक्षामा पनि निर्वाधरुपले पहुँचको लागि सक्रिय वातावरण सुनिश्चित गर्न मानवीय राहत कार्यमा संलग्न हुनेहरुले के कार्य गर्ने भन्ने मार्गदर्शनकोरुपमा भैपरि योजना बिपदको पहिलो दिनबाट नै प्रयोग हुन्छ । नेपालमा आपतकालीन अवस्थामा शिक्षाको भैपरि योजना सन् २००८ मा शिक्षासंग सरोकार राख्ने मुख्य सरकारी निकायहरु, बिपद जोखिम न्यूनिकरण र साझेदार संस्थाहरुका भैपरि योजना निर्माण समुहद्वारा निर्माण गरिएको थियो । यस भैपरि योजनालाई सन् २००९, २०१० र २०१५ मा सरोकारवालाहरुको कार्यशाला र बैठकहरु बसी अध्यावधिक गरिएको थियो । अध्यावधिक गरिने क्रममा अघिल्ला वर्षहरुको प्रतिकार्यबाट आएका सुझाव र सिकाईहरुलाई ध्यान दिइएको थियो । यो भैपरि योजना अन्य क्षेत्र (Cluster) का सदस्यहरुको परामर्श र २०१५ को भूकम्पका प्रतिकार्य सहित बिगतका बिपदहरुबाट सिकिएका सिकाईहरुका आधारमा आवधिक रुपमा पुनरावलोकन र परिमार्जन गरिदैं आएको छ ।

बिपदका मात्रा (Scale) को आधारमा प्रत्येक बिपदका लागि प्रणालीहरु (Systems) र ध्यान दिनुपर्ने कुराहरुलाई तयारीका अवस्थामा राखिन्छ । यो योजना, तीन परिदृष्यहरुका विभिन्न तहहरु जस्तै स्थानीयतह (जिल्ला), क्षेत्र/प्रदेशतह (धेरै जिल्लाहरु), तथा राष्ट्रियतह (ठूलो मात्राको प्रतिकार्य) लाई समेटेर तयार पारिएको छ ।

यो योजना नेपालमा जुनसुकै क्षेत्र (Sector) वा प्रतिकार्यमा संलग्न वा बिपद प्रतिकार्यका पूर्वतयारी गर्ने व्यक्तिहरुका लागि, खासगरी नेपालको शिक्षा क्षेत्रका सदस्यहरुका लागि लक्ष्य गरेर निर्माण गरिएको छ ।

## ४. पृष्ठभूमि

### नेपालमा शिक्षा

विगतका वर्षहरुमा नेपालमा बिपद्मा जोखिमहरु हुँदाहुँदै पनि शिक्षा क्षेत्रमा उल्लेखनीय उपलब्धिहरु देखिएका छन् । सन् १९९० मा प्राथमिक तहको कक्षा १ देखि ५ सम्मको खुद भर्ना दर ६४ प्रतिशत रहेकोमा सन् २०१४ मा आइपुग्दा ८१ प्रतिशत वृद्धि भएको देखिन्छ । त्यस्तै ३ देखि ४ वर्षका बालबालिकाहरुको बालविकास केन्द्रसम्मको पहुँच दर सन् २००८ मा ६० प्रतिशत रहेकोमा सन् २०१४ मा आइपुग्दा ७७ प्रतिशतले वृद्धि भएको देखिन्छ । यस अवधिमा लैङ्गिक समतामा पनि उल्लेखनीय प्रगति भएको पाईन्छ । प्राथमिक तह -कक्षा १-५) को लैङ्गिक समविकास सूचाङ्क (Gender

Parity Index) अनुसार सन् २००४ मा ०.८७ रहेकोमा सन् ०२११ मा ०.९९ पुगेको देखिन्छ । त्यस्तै यस अवधिमा निम्न माध्यमिक तह (कक्षा ६-८) को ०.८४ बाट ०.९९ मा पुगेको देखिन्छ । त्यस्तै दलित समुदायका बालबालिकाहरुको आधारभूत तहको शिक्षामा भर्ना दर सन् २००४ मा १२.५ प्रतिशत रहेकोमा सन् २०१४ मा १८.३ प्रतिशतले वृद्धि भएको छ । पहुँच र समताका क्षेत्रमा प्रगति भएता पनि शैक्षिक गुणस्तर एउटा प्रमुख सवाल भएको छ । अझै पनि प्राथमिक तहका कक्षाहरुमा कक्षा दोहोऱ्याउने विद्यार्थीहरु ३.२ प्रतिशत र बिचैमा कक्षा छोड्ने विद्यार्थी ५.३ प्रतिशत देखिन्छन् । यति हुँदाहुँदै पनि तुलनात्मक तथ्याङ्कका आधारमा असमानताका प्रमाणहरु अझै देखिन्छन् । उदाहरणका लागि अति न्यून आय भएका परिवारका बालबालिकाहरुको शिक्षा र बालविकासका अवसरहरुमा न्यून पहुँच रहेको छ । जवकि ५ देखि १४ वर्ष उमेर समुहका बालबालिकाहरुलाई हेर्ने हो भने ९९ प्रतिशत बालबालिका सम्पन्न परिवारका छन् तर बिपन्न परिवारका ९० प्रतिशत बालक र ८६ प्रतिशत बालिका मात्र विद्यालय जाने गर्छन् । यसबाट के स्पष्ट हुन्छ भने विपन्न परिवारका बालिकाहरु गरीबी र लैङ्गिक बिभेदको दोहोरो मारमा परेका छन् ।

नेपालमा प्राथमिक र निम्न माध्यमिक विद्यालय उमेरका (५ देखि १२ वर्ष उमेर समुहका ) १२ लाख बालबालिका अझै विद्यालय बाहिर रहेको अनुमान गरिएको छ । विद्यालय बाहिर रहेका बालबालिका भन्नाले जो कहिल्यै विद्यालय जाने अवसर पाएका छैनन् या त विद्यालयको पढाई पुरा नगरी बीचैमा कक्षा छाडेका बालबालिकाहरु भन्ने बुझिन्छ ।

गरीबीका कारणले बालश्रममा परेर वा सामाजिक/जातीय वा अपाङ्गताको कारणले विभेदमा परेर अथवा सिमान्तकृत बनाइएर वा बाबुआमाको अज्ञानताका कारणले या परम्परागत लैङ्गिक बिभेदका कारण आदिले बालबालिकाहरु विद्यालय बाहिर रहेको पाईन्छ । विपदबाट अति प्रभावित क्षेत्रमा विपदको प्रभावले शिक्षालाई अझ जोखिमयुक्त बनाउने गर्दछ ।

जसरी बिपद प्रभावित क्षेत्रमा रहेका सिमान्तकृतहरुको सामाजिक र आर्थिक क्षेत्रमा बिपदले बढी प्रभावित पार्छ, त्यसरी नै बिपदको नकारात्मक प्रभावले देशमा विद्यालय बाहिर रहेका बालबालिकाहरुको संख्या अझ बढ्ने जोखिम रहन्छ ।

**किन आपतकालीन अवस्थामा शिक्षा चाहिन्छ ?**

शिक्षा प्रत्येक व्यक्तिको अधिकार हो । यस अधिकारलाई विभिन्न अन्तर्राष्ट्रिय संन्धि सम्झौता तथा सन् १९४८ को मानव अधिकार सम्बन्धी घोषणा पत्र लगायतका दस्तावेजहरुमा उल्लेख गरिएको छ । त्यस्तै सन् १९५१ को शरणार्थी सम्बन्धी घोषणा पत्र, सन् १९६६ मा जेनेभामा सम्पन्न साँस्कृतिक

अधिकार सम्बन्धी घोषणा पत्र, सन् १९८९ मा सम्पन्न बाल अधिकार महासन्धि र सन् २००० डकारमा सम्पन्न विश्व शिक्षा फोरमद्वारा पारित सबैको लागि शिक्षा कार्य योजनामा समेत व्यक्तिको शिक्षा पाउने अधिकार स्पष्ट पारिएको छ ।

आपतकालीन अवस्था र संकटको समयमा शिक्षा नाजुक हुन्छ । जव विद्यार्थी र शिक्षकहरू शिक्षण-सिकाइबाट बञ्चित हुन्छन् तव तिनीहरूको राम्रो भविष्यको आसा पनि सकिन्छ । आपतकालीन अवस्थाको शिक्षाले शारीरिक, मनोसामाजिक र बौद्धिक सुरक्षा प्रदान गर्छ, जस्ले गर्दा जीवन बचाउन र जीवन यापन गर्नमा मद्दत पुग्दछ ।

आपतकालीन अवस्थामा शिक्षाले खासगरी प्रभावित बालबालिका तथा किशोर-किशोरीहरूलाई सिकाईका लागि सुरक्षित स्थान उपलब्ध गराई पहिचानका लागि समेत सहयोग पुऱ्याएर जीवन जीउन मद्दत गर्दछ । शिक्षाले द्वन्द्व र विपदले ल्याएको मनोसामाजिक असरलाई सहज बनाउँदै सामान्य अवस्थामा फर्काउन र संकटको बेला भविष्य प्रतिको आसा जगाउँदै स्थायित्व प्रदान गर्न तथा भविष्यमा हुने आर्थिक स्थायित्वका लागि महत्वपूर्ण अवसर प्रदान गर्दछ । यसका साथै शिक्षाले प्रभावित बालबालिकहरूलाई दुर्व्यबहार, वालशैन्यमा भरना, यौन तथा लैङ्गिक हिंसा लगायतका शोषण हुनबाट जोगाई जीवन रक्षा गर्दछ । शिक्षाले आपतकालमा बाँच्न चाहिने सामान्य सरसफाई र स्वास्थ्य सम्बन्धी ज्ञान तथा सीपहरू प्रदान गर्दछ जुन कुरा आपतकालमा एकदमै महत्वपूर्ण हुन्छ । शिक्षाको माध्यमबाट परिवारसंग बिछोड भएका बालबालिकाहरूको पहिचान गर्न तथा तिनीहरूलाई आफ्नो परिवारमा पुनर्मिलन गराउन र उच्च जोखिममा रहेका बालबालिकाहरूको पहिचान गर्न मद्दत पुग्छ, जुन कुरा बालबालिका र तिनीहरूका परिवारले पनि चाहेका हुन्छन् । यद्दपि शिक्षा एउटा निरन्तर चल्ने प्रक्रियाहो जो बिपद्का बेला पनि अवरुद्ध हुनुहुन्न ।

**शिक्षा अधिकार सम्बन्धी विश्वब्यापी प्रचलन**

बालअधिकार महासन्धि विश्वव्यापी घोषणालाई नेपाल सरकारले स्वीकार गरी सबै बालबालिकालाई आधारभुत तहको शिक्षा, अनिवार्य तथा निःशुल्क र प्रत्येक बालबालिकालाई माध्यमिक तहसम्मको शिक्षामा पहुँच र उपलब्ध गराउने प्रतिबद्धता (भाग २८) गरेको छ । यस्तै गरी सरकारले सबैका लागि शिक्षा, सहस्राब्दी विकासका लक्ष्यहरु र दीगो विकासका लक्ष्यहरु समेत प्रवर्द्धन गरिरहेको छ, जुन कार्यक्रमहरु संसारभरका बालबालिकाहरुलाई आधारभुत तहको शिक्षा पुरा गराउने सुनिश्चितताका लागि विश्वव्यापीरुपमा कार्यान्वयन भइरहेका छन् ।

**नेपाल सरकारका प्रतिवद्धताहरु**

नेपाल सरकार आफै पनि अन्तरराष्ट्रिय सन्धि सम्झौताहरुसंग सम्बन्धित भएकोले विश्वव्यापी शिक्षाको मर्मलाई पुरा गर्न निरन्तर प्रयासरत छ । प्रत्येक नागरिकले माध्यमिक तहसम्मको निःशुल्क शिक्षा पाउने अधिकार नेपालको संविधानले कानून अनुसार प्रत्याभूति गरेको छ । यसै सर्तमा रहेर शिक्षा मन्त्रालयले "गुणस्तरीय शिक्षामा सबै बालबालिकाको समतामूलक पहुँच" भन्ने नाराका साथ विद्यालय क्षेत्र सुधार योजना (२००९-२०१५) लागु गऱ्यो । सरकारको निरन्तर र दह्रो प्रतिबद्धता अनुरुप, जनवरी २०१२ मा काठमाडौंमा सम्पन्न शिक्षामा विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्यशालाले नेपाल सरकारका उच्च तहका सचिव लगायतका पदाधिकारीहरु, यू.एन. का आवासीय प्रतिनिधि, अन्य सरोकार क्षेत्रका पदाधिकारीहरु, सेभ द चिल्ड्रेन लगायतका अन्तराष्ट्रिय र राष्ट्रिय गैर सरकारी संस्थाका पदाधिकारीहरुको सहभागिता र प्रतिवद्धतामा (हस्ताक्षरमा) "शिक्षामा बिपद् जोखिम न्यूनीकरण सम्बन्धी १० बुँदे घोषणा पत्र" जारी भयो । यस घोषणा पत्रले बिपद् जोखिम न्यूनीकरणलाई शिक्षा नीति/नियमहरु तथा योजनाहरुमा मूल प्रवाहीकरण गर्नुपर्ने, शिक्षण सिकाइमा विपद जोखिम न्यूनीकरण, सुरक्षित विद्यालय र यसको प्रवर्द्धन तथा सन् २०१४ मा विपद् व्यवस्थापन जस्ता विषयहरुलाई जोड दिएको थियो । सरकारले उपसचिव तहका पदाधिकारीको नेतृत्वमा विपद जोखिम व्यवस्थापनसंग सम्वन्धित कार्यको लागि शिक्षा विभागमा एउटै छुट्टै शाखा व्यवस्था गरेको छ । विद्यालय सुधार योजनाको विषयगत समूह (Thematic Group) मा विद्यालयको भौतिक पक्ष तथा गैर भौतिक पक्ष (Structural and non-structural) का साथै आपतकालीन अवस्थाको पूर्व तयारी पक्षलाई समेत समावेश गरिएको छ । आर्थिक वर्ष २०१६/१७ मा शिक्षा विभागले "विद्यालय क्षेत्र विकास योजना" अन्तरगत तीनवटा रणनैतिक प्राथमिकताहरु निर्धारण गरेको छ । जस मध्ये विद्यालय सुरक्षा र बिपद् जोखिम न्यूनीकरण प्राथमिकता प्राप्त रणनीतिको रुपमा पहिचान भएको छ । विद्यालय सुरक्षा बिपद र जोखिम न्यूनीकरण विषयलाई राष्ट्रिय पाठ्यक्रम खाकामा समावेश गर्ने, विद्यालयमा बिपदको पूर्व तयारी गर्ने, भुकम्पले क्षति पुऱ्याएका भवनहरुको प्रवलीकरण (Retrofitting) गर्ने, नयाँ निर्माण भएका तथा साविक विद्यालय भवनहरुको भौतिक अवस्थाको यकिन गर्ने जस्ता प्राथमिकता प्राप्त क्रियाकलापहरुको कार्यान्वयन मार्फत विद्यालय सुरक्षा र बिपद जोखिम न्यूनीकरणलाई मूल प्रवाहीकरण गर्ने रणनीति लिईएको छ ।

बिपद प्रतिकार्य र पूर्व तयारीको अन्तिम जिम्मेवारी सरकारको हुने भएकाले नेपाल सरकारले बिपद पूर्व तयारी र प्रतिकार्यको समन्वयगर्ने सम्पूर्ण जिम्मा गृह मन्त्रालयलाई दिएको छ । यसका लागि

नेपाल सरकारले सन् २०१३ मा "राष्ट्रिय बिपद् प्रतिकार्य ढाँचा" निर्माण गरेको छ । गृह मन्त्रालयले अन्य मन्त्रालयहरु, संयुक्त राष्ट्र संघ अन्तर्गतका निकायहरु तथा अन्य अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्थाहरुको सहकार्यमा राष्ट्रिय बिपद प्रतिकार्य ढाँचा (National Disaster Response Framework) का क्रियाकलापहरु संचालन गर्दै आएको छ । उक्त ढाँचा अनुसार र मानवीय कार्य गर्ने अन्य संस्थाहरुले विषयगत समुहको सह नेतृत्व गर्दछन् । शिक्षा समुहमा भने शिक्षा मन्त्रालयको नेतृत्वमा युनिसेफ र सेभ द चिल्ड्रेनले सह नेतृत्वकर्ताका रुपमा काम गर्छन् ।

## ५. अवस्था र जोखिम विश्लेषण

### ५.१ देशको जानकारी र सन्दर्भ विश्लेषण

नेपाल बाढी, पहिरो, भुकम्प, आगलागी, हावाहुरी/आँधी, असिना र खडेरी जस्ता प्रकोपहरुको उच्च जोखिममा रहेको छ । सन् १९७१ देखि २००८ सम्म अभिलेखन गरिएको बिपदका घट्नाहरुका आधारमा पहिरो, बाढी, भलबाढी, गाउँ/शहरमा हुने आगलागीहरुलाई तिनीहरुले प्रभावपार्ने क्षेत्र/जनसंख्या र पटक पटक दोहोरिने क्रमका दृष्टिले प्रमुख प्रकोपहरुको रुपमा लिइएको छ । मुख्य प्राकृतिक प्रकोपहरु मध्ये बाढी र पहिरो नेपालमा पटक पटक दोहोरिने प्रकोपहरु हुन । जस्ले विगत १० वर्षमा वार्षिक सरदर २,१११ मानिसहरुको ज्यान लिंदै आएको छ । यसमा सन् २०१५ को भुकम्पले मारिनेको संख्या समाबेश गरिएको छैन । सन् २०१५ मा विश्व बैंङ्कले नेपाललाई प्राकृतिक बिपदहरुको दृष्टिले अति उच्च जोखिममा रहेका मुलुक मध्येको एक भनेर वर्गीकरण गरेको छ । जस अनुसार नेपाल भुकम्पीय जोखिमका दृष्टिले विश्वमा एघारौं स्थानमा रहेको छ । त्यस्तै यू.एन.डि.पी/बि.सी.पि.आर २००४ को प्रतिवेदन अनुसार नेपाल बाढीको जोखिमका दृष्टिले तिसौं स्थानमा र यू.एन.डि.पी को २००४ को प्रतिवेदन अनुसार वातावरणीय परिवर्तनको जोखिमका दृष्टिले चौथो स्थानमा रहेको छ ।

नेपाल अति उच्च भुकम्पीय तीव्रताको पेटी (Belt) मा पर्दछ । भुकम्पीय क्षेत्र देखाइएको नेपालको नक्सामा प्रारम्भिक (कम्पन्न) प्रकोपका आधारमा देशलाई तीन क्षेत्रमा विभाजन गरिएको छ । जस अनुसार उत्तर पश्चिम र दक्षिण पूर्वी दिशातिर फैलिएको तथा देशको मध्य भाग भने उत्तरी र दक्षिणी भागभन्दा हल्का उच्च देखिन्छ । नेपालमा अप्रिल २०१५ का दिन ७ दशमलव ८ रेक्टर स्केलको महाभुकम्प गयो र मई २०१५ मा पनि अर्को शक्तिशाली भुकम्प गयो । जस्का कारण ९,००० मानिसले ज्यान गुमाए, हज्जारौ मानिसहरु घाइते भए र एकलाख मानिसहरु विस्तापित भए । यसका साथै ऐतिहासिक महत्व बोकेका धेरै सम्पदाहरु नष्ट भए ।

हाम्रो देशमा तराईका समतल भूभाग जलमग्न (डुवान) हुने उच्च जोखिममा छन् । मध्य तथा उच्च पहाडी भूभागमा पहिरो जाने तथा ढुङ्गा, रोडा बगेर नदी थुनिने, पहाडको भिरालो भागमा अत्यधिक भूक्षय हुने तथा चट्टानहरु खस्ने उच्च जोखिममा छन् । तराईका समथर मैदानहरु डुवानमा पर्ने, नदीका पिँदमा रोडाबालुवा थुप्रिएर सतह बढ्न गई नदीले दुवै किनार तिर बाटो बनाउँन सक्छ ।

प्राकृतिक बिपदका साथसाथै नेपालले बिगत २० वर्षदेखि राजनैतिक अशान्ति समेत भोल्दै आएको छ । राजनैतिक अशान्ति सन् १९९६ देखि २००६ सम्मको गृहयुद्धबाट शुरु भयो । सन् २००२ मा संवैधानिक राजाले सम्पूर्ण अधिकार आफ्नो हातमा लिई संविधानलाई निस्क्रिय बनाए । सन् २००८ मा नेपाल संघीय जन गणतान्त्रीक राष्ट्र घोषणा भई प्रथम राष्ट्रपति निर्वाचित भए । तर राजनैतिक अस्थिरताको कारणले स्न २०१२ मा संविधान सभाले संविधान निर्माण गर्न सकेन । सन् २०१५ मा नयाँ सविधान घोषणा भयो । यो संविधान पनि हालसम्म राजनैतिक खिचातानी र द्वन्द्वको श्रोत बनेको छ ।

### ५.२ मानवीय कार्य योजना निर्माणका लागि तथ्याङ्क

यस योजना निर्माण कार्यका लागि नेपालको सन् २०११ को जनगणनाको उमेर समुह अनुसारको जनसंख्यालाई मुख्य आधार मानी विद्यालय जाने उमेरका बालबालिकाहरुलाई तीन उमेर समुहमा वर्गीकरण गरी गणना गरिएको छ । जस अनुसार प्रारम्भिक बाल विकास, आधारभूत शिक्षा (कक्षा १ देखि ८), र माध्यमिक शिक्षा (कक्षा ९ देखि १२) रहेका छन् । समग्ररुपमा गणना गरिएको तहगत प्रतिशत तलका तालिकमा दिइएको छ ।

| क्र स | विद्यालय जाने उमेर समुहका बालबालिकाहरु | औसत प्रतिशत |
|---|---|---|
| क) | **प्रारम्भिक बाल विकास (३ देखि ४ वर्ष)** | **४ प्रतिशत** |
| ख) | **आधारभूत शिक्षा, कक्षा १ देखि ८ (५ देखि १२ वर्ष)** | **२० प्रतिशत** |
| | अ. प्राथमिक तह, कक्षा १ देखि ५ (५ देखि ९ वर्ष) | १२ प्रतिशत |
| | आ. निम्न माध्यमिक तह, कक्षा ६ देखि ८ (१० दृखि १२ वर्ष) | ८ प्रतिशत |
| ग) | **माध्यमिक तह, कक्षा ९ देखि १२ (१३ देखि १६ वर्ष)** | **१० प्रतिशत** |

जब आपतकालीन अवस्था आइपर्छ, तत्काल प्रभावित जिल्लामा गएर माथिको तालिका अनुसार उमेर समुहका बालिबालिकाहरुको अनुमानित संख्या पत्ता लगाउनु पर्छ । त्यसपछि आपतकालको

गम्भीरताका आधारमा प्रभावित बालबालिकाहरुको संख्या अनुमान गर्नु पर्दछ । यस्तो संख्या निर्धारण गर्न द्रुत लेखाजोखाको तथ्याङ्कलाई आधार मान्नुपर्छ । उदाहरणका लागि एउटा ठूलो मापनको भुकम्पले प्रभावित जिल्लाका सबै बालबालिका अर्थात १०० प्रतिशत प्रभावित हुन सक्छन् । एउटा जिल्लाको सानो बाढीले २० प्रतिशत बालबालिका प्रभावित हुन सक्छन् । प्रभावित क्षेत्रका लागि प्रतिकार्य योजना निर्माण गर्ने क्रममा कति प्रतिशत बालबालिकालाई लक्ष्य गर्ने भन्ने कुरा निर्णय गर्न उपरोक्त प्रतिशत (माथि तालिकको प्रतिशत) लाई आधार मान्नुर्छ ।

## ५.३ परिदृष्यहरु

### ५.३.१ भुकम्प

काठमाडौं उपत्यकामा केन्द्रविन्दु भएको आठ म्याग्निच्युट वा सोभन्दा माथिका महाभूकम्पका लागि परिदृष्य योजना गर्नु कहाली लाग्दो हुन्छ । एउटा अत्यधिक जनघनत्व भएको स्थानलाई केन्द्रविन्दु बनाएर आउने महाभूकम्पले नेपाल, भारत र चीनका गरी ५ करोड मानिसहरुलाई प्रभावित बनाउन सक्छ । यस्तो अवस्थामा क्षेत्रीय स्तरकै प्रतिकार्य आवश्यक पर्छ । यो भैपरि योजना दरहम विश्वविद्यालयले नेपाल सरकारका कर्मचारी, शैक्षिक संस्थाहरु तथा नेपालका गैर सरकारी संस्थाहरुको सहकार्यमा गरेको बैज्ञानिक अनुसन्धानबाट प्राप्त भुँइचालोको नयाँ परिदृष्य (२०१६) का आधारमा योजना गरिएको छ । उक्त अनुसन्धानका आधारमा गत २०१५ को काठमाडौं उपत्यकामा गएको महाभूकम्प भन्दा ठूलो अर्थात ८ म्याग्निच्युट भन्दा ठूलो महाभूकम्प जस्ले पूर्व नेपाल भन्दा पश्चिम नेपालका जिल्लाहरुलाई अत्यधिक प्रभावित पार्नेछ ।

यस्तो अवस्थामा काठमाडौं लगायत जिल्ला सदरमुकामका अस्पतालहरुमा घाइतेहरुको भीड लाग्नेछ । औषधिहरुको अभाव हुनेछ तथा अस्पतालहरुले घाइते र विरामीहरुको चाप धान्न सक्ने छैनन् । संरचनाहरुको विनास र बाटो, पुल तथा हवाई मैदानहरु अवरुद्ध हुन गई राहत कार्य अवरोध/प्रभावित हुनेछ । हवाई ढुवानी कार्य हेलिकोप्टर र छोटो धावनमार्गमा उड्न र बस्न सक्ने साना विमानहरुमा मात्र सीमितहुन्छ । सञ्चार नेटवर्कमा क्षति हुने र भएका नेटवर्कहरुमा अत्यधिक चाप पर्न गई संञ्चार क्षमताले भ्याउन नसकी सूचनाको अभावमा प्रभावित क्षेत्रमा राहत सामग्री समयमा पुऱ्याउन नसक्दा स्थिति अझ गम्भीर हुन जान्छ । शुरुको अवस्थामा सरकारको प्रतिकार्य क्षमता पनि सीमित हुनेछ ।

**भूकम्पका मूख्य प्रभावहरु**

✓ अत्यधिक जनधनत्व र अव्यवस्थित शहरीकरणका कारणले काठमाडौं उपत्यकाको जनसंख्याको ठूलो हिस्सा उच्च जोखिममा छ र यसबाट १५ लाख मानिसहरु प्रभावित हुन सक्नेछन् । अधिकांश प्रभावितहरुले ३०-४० दिनसम्म राहत पाउन सक्ने छैनन । संभवत देश बाहिरबाट आउने राहतका लागि त्यो भन्दा लामो समय लाग्न सक्छ । अन्तर्राष्ट्रिय राहत आउन ढिला हुनेछ । त्यस समयमा देशभित्र जे छ त्यो मात्र सहयोग र सेवाका रुपम प्राप्त हुनेछ ।

✓ शहर र ग्रामीण क्षेत्रका अधिकांश भवनहरु भूकम्प प्रतिरोधी प्रविधिबाट बनाईएका छैनन् । ठूलो तहको भुइँचालो आएका खण्डमा ६० प्रतिशत घरहरु ध्वस्त हुनेछन् र थप २० प्रतिशत घरहरु भत्किएर बस्नका लागि असुरक्षित हुनेछन् । संरचनागत असुरक्षित भवनहरु विद्यालयको रुपमा प्रयोग गर्न नसकिने भएकोले संक्रमणकालीन सिकाई स्थानहरु आवश्यक पर्नेछन् ।

✓ भवन तथा संरचनाहरु भत्किएर बनेको भग्नावशेषको थुप्रोले अन्य प्रकोप बढाउने, खुल्ला स्थानहरु पुरिने तथा आहोर दोहोर गर्न नसकिने हुन्छ । भग्नावशेष हटाउने, नष्टगर्ने र पनु:प्रशोधन (Recycling) गर्ने कार्यले खासगरी शहरी क्षेत्र जहाँ अस्थायी सिकाई स्थानहरु निर्माण गर्न ज्यादै सीमितस्थान हुन्छ, त्यस्तो स्थानमा प्रतिकार्यमा ठूलो अवरोध पुग्छ ।

✓ घाइतेहरुसम्म पुग्नका लागि भग्नावशेषहरुलाई सही तरिका र होसियारीपूर्वक पन्छाउन अनिवार्य हुन्छ । भग्नावशेष भित्र पुरिएर रहेका घाइतेहरुलाई उद्धार गर्न सवधानी अपनाउनु पर्ने र उद्धार कार्यमा अनुभवी हुनु पर्ने भएकाले यो प्रक्रियाले धेरै समय लिन (ढिलो हुन) सक्छ ।

✓ पानी वितरण प्रणाली दुई तीन हप्तासम्म प्रभावित हुन सक्ने भएकाले हैजा जस्ता पानीबाट फैलिने रोगहरु महाभारीको रुपमा देखिन सक्छन् ।

✓ भाडा घटाइएका हेलिकोप्टर र साना विमानहरुमा सीमितरुपमा मात्र ढुवानी र यातायात संभव हुन्छ ।

**द्रुहम विश्व विद्यालयद्वारा गरिएको भुकम्प तिब्रताको नक्साङ्कन र अन्य श्रोतका सुचना (Secondary Data) हरुका आधारमा तयार पारिएको भूकम्प प्रभावको (असरको) परिदृष्य :**

**भूकम्प असरको परिदृष्य**

**काठमाडौं उपत्यकामा भूकम्पको कारणले शिक्षामा पार्ने असर**

✓ भत्किएका विद्यालय भवनहरु पन्छाउने कार्य गर्नु पर्नेछ ।

✓ एक लाख छैसठ्टी हजार विस्थापित बालबालिका विद्यालय जानबाट बञ्चित हुनेछन् ।

अ. काठमाडौं उपत्यकामा भूकम्पबाट प्रभावित जनसंख्या

| मृत्यु हुनेको संख्या | घाइते संख्या | विस्तापित | पूर्णरुपले ध्वस्त घरहरु | भत्किएका घरहरु | पूर्णरुपले ध्वस्त विद्यालयहरु | भत्किएका विद्यालयहरु |
|---|---|---|---|---|---|---|
| १६,००० | १,७३,००० | ४,८८,००० | ४७,००० | ७९,००० | ५९० | ४,३०० |

| शिक्षा | उमेर समुह | विस्तापित ४,८८,००० को प्रतिशत | विद्यालय उमेरका विस्तापित बालबालिकाको संख्या |
|---|---|---|---|
| आधारभूत तह | ३ देखि ४ वर्ष उमेरका (प्रारम्भिक बाल विकास/ पूर्व प्राथमिक) | ४ | १९,५२० |
| | ५ देखि १२ वर्ष उमेरका (कक्षा १ देखि ८) | २० | ९७,६०० |
| माध्यमिक तह | १३ देखि १६ वर्षका (कक्षा ९ देखि १२) | १० | ४८,८०० |
| **३ देखि १६ वर्ष उमेरका कुल विस्थापित बालिबालिका** | | | **१,६५,९२०** |

आ. पश्चिम नेपालमा भूकम्पको असर (काठमाडौं बाहेक)

- ✓ भत्किएका विद्यालय भवनहरु पन्छाउने कार्य गर्नु पर्नेछ ।
- ✓ २४,८६,००० विस्थापित बालबालिकाहरु विद्यालय जानबाट बञ्चित हुनेछन् ।

(काठमाडौं उपत्यका बाहिर) पश्चिम नेपालका भूकम्पबाट प्रभावित जनसंख्या

| मृत्यु हुनेको संख्या | घाइते हुनको संख्या | विस्तापित संख्या | पूर्णरुपले ध्वस्त घरहरु | भत्किएका घरहरु | पूर्णरुपले ध्वस्त विद्यालयहरु | भत्किएका विद्यालय |
|---|---|---|---|---|---|---|
| २,५८,००० | ३३,००,००० | ७३,१२,००० | ७,६५,००० | ८,४८,००० | ९,६०० | २२,४०० |

| शिक्षा | उमेर समुह | विस्तापित ७३,१२,०० को प्रतिशत | विद्यालय उमेरका विस्तापित बालबालिकाको संख्या |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| आधारभूत तह | ३ देखि ४ वर्ष उमेरका (प्रारम्भिक बाल विकास/पूर्व प्राथमिक) | ४ | २,९२,४८० |
| | ५ देखि १२ वर्ष उमेरका (कक्षा १ देखि ८) | २० | १४,६२,४०० |
| माध्यमिक तह | १३ देखि १६ वर्षका -कक्षा ९ देखि १२) | १० | ७,३१,२०० |
| ३ देखि १६ वर्ष उमेरका कुल विस्थापित बालिबालिका | | | २४,८६,०८० |

### ५.३.२ समतल तराईका भूभागमा बाढी

नेपालमा परम्परादेखि बाढी प्रभावित हुदै आएका २२ वटा जिल्लामा वर्षेनी बाढीले नराम्रो क्षति पुऱ्याउँदै आएको छ । त्यस्तै सन् २०१५ को भूकम्प प्रभावित १४ वटा जिल्लामा समेत बाढीले उल्लेखनीय क्षति पुऱ्याएको छ । नेपाल स्थित मानवीय सहायता समुह (Humanitarian Country Team) का अनुसार नेपालको तराईमा बाढीका कारणबाट २,६६,६९० परिवार विस्थापित हुन्छन् । यो संख्यामा छिमेकी देश भारततिर बसाई सर्ने र भूकम्प प्रभावित जिल्लाहरुबाट तराईतिर बसाई सर्ने १,४९,६०९ परिवारहरु समावेश गरिएको छैन । अचानक संरचनाहरु, पानी तथा सरसफाईका सेवा सुविधाहरु भत्किने हुनाले पानीबाट उत्पन्न हुने रोगव्याधीहरु फैलिने हुन्छ । बाढीबाट निरन्तररुपले ४ देखि १० किलो मिटर टाढासम्म आन्तरिकरुपमा बसाई सर्ने (विस्थापित हुने) क्रम हुन्छ । जसले गर्दा शिविर व्यवस्थापन, आश्रयस्थल, स्वास्थ्य तथा सरसफाई र शिक्षा व्यवस्थाका प्रतिकार्यका लागि चार हप्ता जतिको समय आवश्यक हुन्छ । बाढीको कारणले एक लाखसम्म विद्यालय जाने उमेरका बालबालिकाहरु प्रभावित हुन्छन् । बाढीका कारणबाट सडक संञ्जाल, मुख्य पुलहरु, हवाई मैदानहरु तथा सञ्चारका सञ्जालहरु जस्ता संरचनाहरु बारम्वार विग्रने गर्दछन् । शुरु शुरुको अवस्थामा स्थानीय सरकारको कार्य सम्पादन नै प्रभावित हुन्छ ।

**बाढी प्रभावको परिदृष्य**

**बाढीबाट शिक्षामा पर्ने मुख्य असरहरु**

- ✓ क्षति भएका विद्यालयहरु पन्छाउने कार्य गर्नुपर्छ ।
- ✓ १,००,००० विस्थापित बालबालिकाहरु विद्यालय जानबाट बञ्चित हुन्छन् ।

विगतको अनुभव, अन्य श्रोतका सूचना तथा मानवीय सहायता समुहका आधारमा :


| तराईका २२ जिल्ला र भूकम्प प्रभावित १४ जिल्लाका अनुमानित बाढी प्रभावित जनसंख्या ५० लाख | | | | |
|---|---|---|---|---|
| **सेवा सुविधाहरु** | **घाइते** | **विस्थापित जनसंख्या** | | **विद्यालय जान नसक्ने बालबालिका** |
| ३०० | १,२०० | २,६६,६९० परिवार तराईको २२ जिल्ला | १,४९,६०९ परिवार भुकम्प प्रभावित १४ जिल्लाका | १,००,००० |
| **शिक्षा** | **उमेर समुह** | **विद्यालय जान नसक्ने १,००,००० बालबालिकाको प्रतिशत** | **विद्यालय जान नसक्ने बालबालिकाको संख्या** | |
| आधारभुत | ३-४ वर्ष उमेरका (प्रराम्भिक बालविकास/ पूर्वप्रथामिक) | १३ | १३,००० | |
| माध्यमिक तह | १३-१६ वर्षका (कक्षा ९-१२ सम्म) | २८ | २८,००० | |
| **जम्मा** | | | **१,००,०००** | |

*मूख्य सन्दर्भ सामग्रीहरु:*

- ***The disaster preparedness and response plan for 72 districts of Nepal***
- ***Baseline statistics for caseloads (DEO)***
- ***Monsoon contingency plan Guidace for district education clusters***
- ***Contingency plan Nepal: Floods, June 2013***
- ***Nepal earthquake multi-cluster severity index***

## ६. प्रतिकार्य रणनीति :

समग्र मानवीय सहायता (प्रतिकार्य) मा शिक्षा समुहले कसरी योगदान गर्ने भन्ने कुरा स्थापित गर्ने जिम्मेवारी शिक्षा समुहको हो । शिक्षा समुहले समग्र मानवीय सहायता (प्रतिकार्य) योजनाका रणनैतिक उद्देश्यहरुसंग मेलखानेगरी आफ्नो उद्देश्यहरु र प्राथमिकताका क्रियाकलापहरु निर्माण गर्नुपर्छ । शिक्षा समुहको दीर्घकालीन लक्ष्य अनुसारका कार्यहरुले विपद अघिसम्म विद्यालयमा रहेका तर हाल विस्तापित/प्रभावित भएका बालबालिका तथा किशोर किशोरी हरुको सिकाईलाई सुनिश्चित गर्नुपर्छ ।




निम्न लिखित उद्देश्यहरु र प्राथमिकता प्राप्त क्रियाकलापहरु सन २०१५ को भूकम्पबाट भएका सिकाईका आधारमा निर्माण र परिमार्जन गरिएको हुन् ,जसलाई जुनसुकै आपतकालीन परिदृष्यहरुमा पनि सुरुवात गर्न सकिन्छ ।

**उद्देश्यहरु :**

**भैपरि योजनाको दुरदृष्टि निम्न अनुसार छ :**

१. बिपदबाट प्रभावित सम्पूर्ण बालबालिका तथा किशोरकिशोरीहरुको सुरक्षा, विकास र सामान्य अवस्थामा फर्काइ स्थायीत्वका लागि सहजीकरण गर्न तत्काल सुरक्षित वातावरणमा गुणस्तरीय शिक्षाको पहुँच वा निरन्तरताको सुनिश्चित गर्ने ।

**२.भैपरि योजनाको लक्ष्य :**

मानवीय सहायता आवश्यक पर्ने आपतकालीन अवस्थामा प्रभावकारी शिक्षा प्रतिकार्यका लागि प्रारम्भिक पुर्नप्राप्तिको चरण समेत भएको एउटा प्रणालीगत, संगठित प्रतिकार्य र पूर्वतयारी योजनालाई सुदृढ बनाउने, जसमा पूर्वानुमान र प्रभावकारी अन्तर निकाय प्रतिकार्यको सुनिश्चितताको लागि मापदण्डहरु, नीतिगत व्यवस्था, प्रतिकार्य क्षमता निर्माण र कार्यान्वयनमा सहयोगको व्यवस्था भएको हुनेछ ।

**विशिष्ट उद्देश्यहरु :**

- बिपद् पछिको दुईहप्ताको समयमा प्रभावित बालबालिका तथा शिक्षकहरुलाई सामान्य अवस्थामा फर्काउने ।
- बिपद प्रभावित विद्यालय तथा समुदायका सम्पूर्ण बालिका र बालकहरु खासगरी अपाङ्गता भएका तथा दलित परिवारका बालबालिकाहरुलाई सक्षम, सशक्त र सुरक्षित वातावरणमा गुणस्तरीय शिक्षाको अवसर सुनिश्चित गर्ने ।
- बालबालिका तथा समुदायलाई उत्थानशील बनाउन र सम्वृध्दिलाई पुनस्थापना गर्न उनीहरुको उमेर सुहाउँदो गुणस्तरीय शिक्षा प्रदान गर्ने जसबाट उनीहरुले जीवन बचाउने तथा बिपद् पूर्वतयारी सम्वन्धी सीपहरु र मनोसामाजिक सेवा पाउँन सकुन् ।

शिक्षा समुह उद्देश्य १: बिपद् पछिको दुई हप्ताको समयमा प्रभावित बालबालिका तथा शिक्षकहरुलाई सामान्य अवस्थामा फर्काउने ।

| सुचक (उपलब्धि) (Indicator/ Outcome) | आधाररेखा (Baseline) | लक्ष्य (Target) |
|---|---|---|
| प्रोटेक्सन क्लष्टरसंगको समन्वयमा स्थापित बालमैत्री स्थान (CFS) को मनोरञ्जन केन्द्रमा पहुँच भएका बालबालिकाहरुको संस्था | | |

बिपद् उत्थानशील विद्यालयहरुको संख्या

| क्रियाकलापहरु | ठेगाना/स्थान | सुचक(प्रतिफल) | आधार रेखा | लक्ष्य |
|---|---|---|---|---|
| १.क) प्रोटेक्सन क्लष्टरको सहयोगमा बाल मैत्री स्थानको स्थापना गर्ने<br>१.ख) मनोरञ्जनात्मक सामग्रीको वितरण गर्ने | | - प्रोटेक्सन क्लष्टरको सहयोगमा स्थापना भएका बालमैत्री स्थानको संख्या..<br>- मनोरञ्जनात्मक सामग्रीबाट लामान्वित हुने बालबालिकाका संस्था.<br>- मनोरञ्जनात्मक सामग्रीबाट लामान्वित हुने अपाङ्गता भएका बालबालिकाहरुको संख्या... | | |

शिक्षा समुह उद्देश्य २: विपद प्रभावित विद्यालय तथा समुदायका सम्पूर्ण बालिका र बालकहरु, खासगरी अपाङ्गता भएका तथा दलित परिवारका बालबालिकाहरुलाई सक्षम, सशक्त र सुरक्षित वातावरणमा गुणस्तरीय शिक्षाको अवसर सुनिश्चित गर्ने ।

| | रणनीतिक उद्देश्य | |
|---|---|---|
| सुचक(उपलब्धि) (Indicator/Outcomes) | आधार रेखा | लक्ष्य |
| १. अस्थायी सिकाई स्थान वा कक्षाकोठाहरुको पुर्नस्थापना गरी आपतकालीन अवस्थामा शिक्षाको पहुँच पुऱ्याइएका बालबालिकाहरुको संस्था.. | | |

| | | |
|---|---|---|
| | | |

| क्रियाकलापहरु | स्थान | सुचक (प्रतिफल) | आधार रेखा | लक्ष्य |
|---|---|---|---|---|
| १.क) सुरक्षित अस्थायी सिकाइ स्थान र प्रारम्भिक बालविकास केन्द्रहरु स्थापना गर्ने । | | -स्थापना भएका अस्थायी सिकाइ स्थान प्रारम्भिक बालविकास केन्द्रको संख्या.. | | |
| १.ख) कक्षाकोठाहरुको पुर्नस्थापना गर्ने । | | -पुर्नस्थापन गरिएको कक्षाकोठाहरुको संख्या<br>-अस्थायी सिकाइ स्थानमा पहुँच भएका अपाङ्गता भएका बालबालिकाको संख्या. | | |
| १.ग) अस्थायी सिकाइ स्थान, प्रारम्भिक बालविकास केन्द्र र पुर्नस्थापना गरिएको कक्षाहरुका लागि स्वास्थ्य, खानेपानी तथा सरसफाइको पर्याप्त व्यवस्था मिलाउने । | | -स्वास्थ्य, खानेपानी तथा सरसफाईको समुचित व्यवस्था गरिएको अस्थायी सिकाइ स्थान, प्रारम्भिक बालविकास केन्द्र र पुर्नस्थापना गरिएको कक्षाकोठाहरुको प्रतिशत । | | |
| १.घ) प्रारम्भि बाल विकास केन्द्रका सामग्रीहरुको वितरण गर्ने । | | -बाल विकासको सामग्रीहरुबाट लाभान्वित हुने बाल बालिकाको संख्या<br>- बाल विकासका सामग्रीहरुबाट लाभान्वित हुने अपाङ्गता भएका बाल बालिकाको संख्या | | |
| १.ङ) विद्यालय सिकाइ सामाग्रीहरुको वितरण गर्ने । | | - आपतकालीन सिकाइ वाकसवाट लाभान्वित हुने बालबालिकाको संख्या<br>- आपतकालीन सिकाइ वाकसबाट लाभान्वित हुने अपाङ्गता भएका बालबालिकाको संख्या | | |

**शिक्षा समुह उद्देश्य २ :** बालकालिका तथा समुदायलाई उत्थानशील बनाउन र सम्वृद्धिलाई पुर्नस्थापना गर्न उनीहरुको उमेर सुहाउँदो गुणस्तरीय शिक्षा प्रदान गर्ने जसबाट उनीहरुले जीवन बचाउने तथा बिपद पूर्वतयारी सम्बन्धी सीपहरु र मनोसामाजिक सेवा पाउँन सकुन् ।

| सुचाङ्क (प्रतिफल) | रणनीतिक उद्देश्य | |
|---|---|---|
| | आधार रेखा | लक्ष्य |
| १.मनोसामाजिक सेवा, जीवन बचाउने सीप, बिपद जोखिम न्यूनीकरणमा तालिम प्राप्त शिक्षकहरुको संख्या | | |
| २.विपद जोखिम न्यूनीकरण, जीवन बचाउने सीप र विद्यालय क्षेत्रमा विद्यालय सुरक्षाका उपायहरुबारे ज्ञान भएका बालक तथा बालिकाहरुको संख्या | | |

| क्रियाकलापहरु | स्थान | सुचक (प्रतिफल) | आधार रेखा | लक्ष्य |
|---|---|---|---|---|
| २.क) मनोसामाजिक सहयोग विषयको शिक्षक तालिम कार्यक्रम सञ्चालन गर्ने । | | -मनोसामाजिक सहयोग विषयमा तालिम पाउने शिक्षकहरुको संख्या । | | |
| २.ख) जीवन बचाउने तथा सरसफाई प्रबर्धन विषयमा शिक्षक कार्यक्रम सञ्चालन गर्ने । | | -जीवन बचाउने तथा सरसफाई प्रवर्धन विषयमा तालिम लिएका शिक्षकहरुको संख्या । | | |
| २.ग)विपद जोखिम न्यूनीकरण र पहिलेको अवस्था भन्दा राम्रोको मर्म अनुरुप विपद पुनर्प्राप्ति बिषयमा शिक्षक तालिम सञ्चालन गर्ने । | | - विपद जोखिम न्यूनीकरण र विपद पुर्नप्राप्ति विषयमा तालिम लिएका शिक्षकहरुको संख्या | | |
| २.घ)विपद जोखिम न्यूनीकरण तथा विद्यालय भित्र सुरक्षाका क्रियाकलापहरु विषयमा विद्यार्थीलाई तालिम सञ्चालन गर्ने | | विपद जोखिम न्यूनीकरण तथा विद्यालय भित्र सुरक्षाका क्रियाकलापहरु विषयमा तालिम लिएका विद्यार्थीहरुको संख्या | | |
| २.ङ) विपदको समयमा तत्काल परियोजना गर्ने विद्यालय सहयोग स्वयंसेवी समुहको गठन गर्ने | | -विद्यालय सहयोग स्वयंसेवी समुहको संख्या र प्रतिकार्यका लागि तयारी | | |

**प्राथमिकताका क्रियाकलापहरु**

१. विपदको घटना पछि शिक्षा विभाग/जिल्ला शिक्षा कार्यलयले नेतृत्व गरेको शिक्षा समुहले स्तरीय कार्यसञ्चालन प्रक्रिया (Standard Operating Procedure) (SOP) अनुसारका उचित क्रियाकलापहरु गरेर आपतकालीन अवस्थालाई व्यवस्थापन गर्नुपर्छ ।

२. विद्यालयहरुको भौतिक पक्षको लेखाजोखा गरी (क) शक्ति निर्धारण गर्ने ख) क्षति भएकालाई सुरक्षित र असुरक्षित छुटयाउने ।

३. अति प्रभावित बालबालिकाहरुका लागि (बाल विकास केन्द्र तथा अस्थायी सिकाइ कक्षा) अस्थायी सिकाइ केन्द्रहरुको स्थापना गरी उनीहरुको सुरक्षा पहुँचमा समावेशीता, लैङ्गिक सम्वेदनशील पानी, स्वास्थ्य र सरसफाई सुविधा, संरक्षण सेवाहरुको सुनिश्चितता गर्दै संरचनागत स्थायीत्व र भविष्य प्राप्तिको आशा जगाओस् ।

४. बालबालिकाहरुका शिक्षण-सिकाइका क्रियाकलापहरु र मनोरञ्जनका अवसरहरु ( प्रारम्भिक बाल विकास केन्द्र समेत) का लागि अति आवश्यक आपतकालीन शिक्षाका सिकाइ सामग्रीहरु वितरण गर्ने । जसले गर्दा बालबालिकाहरु आफ्नो सिकाइलाई निरन्तरता दिदै तनाबवाट मुक्त हुन र भुकम्पको त्रासबाट मुक्त हुने कुराको सुनिश्चित होस् ।

५. विपद पूर्वतयारी, संरक्षण, सरसफाई प्रर्वधन, पोषण तथा स्वास्थ्यको सन्देशहरुलाई समेत समावेश गरी मनोसामाजिक सहयोग र जीवन रक्षाका सीपहरु बिषयको तालिम शिक्षक तथा सहजकर्ताहरुलाई दिने ।

६. विद्यालय पुनर्सञ्चालन र भग्नावशेषहरु पन्छाउने कार्यका लागि समुदाय परिचालन गर्ने ।

७. प्रभावित विद्यालयहरु र समुदायहरुको निरन्तर अनुगमन गरेर आपतकालीन अवस्थामा शिक्षाका मापदण्ड (INEE MS) अनुसार शिक्षाको मानवीय प्रतिकार्य भएको सुनिश्चित गर्ने ।

८. मानवीय सहायता प्रतिकार्यका बेला प्रभावित परिवारहरुका साझा सरोकारका आवश्यकताहरुलाई परिपूर्ति गर्न खासगरी चाइल्ड प्रोटेक्शन, वास, लजिप्टिक, सेन्टर, हेल्थ एण्ड न्यूट्रिसन लगायतका क्लष्टहरु संग संयोजन गरी शिक्षाका प्रतिकार्य सञ्चालन गर्ने ।

**९. सामग्री सहयोगका लागि निम्न सर्तहरु पालना गर्नुपर्नेछ :**

**क) स्टुडेन्ट किट (जुनियर) पहिला यसलाई चाईल्ट किट भनिथ्यो :** स्टुडेन्ट किट प्रत्येक बालबालिकालाई स्थानीय स्तरको आपतकालीन अवस्थामा व्यक्तिगत रुपमा उपलब्ध गराईन्छ । जो ३०,००० बालबालिका सम्मलाई लक्ष्य गरिएको छ । यदि ठुलो तहको विपद जस्ले ३०,००० भन्दा बढि बालबालिकाहरुलाई प्रभावित बनाएको छ भने यस सुचीमा

भएको क बर्गको छ वटा सामानको सेट भएको झोला दिने । (बृस्त्रित जानकारीको लागि एनेक्स १० का आइटम नं १ हेर्नुहोस) ।

**ख) स्टुडेन्ट किट (किशोरीकिशोरीहरुका लागि) :** यो किट स्थानीय स्तरको आपतकालीन अवस्थामा किशोरीकिशोरीहरुलाई व्यक्तिगत रुपमा उपलब्ध गराइन्छ । यो किट ३०,००० जनासम्मलाई मात्र लक्षित छ । तर ठुलो तहको आपतकालमा यस सूचीमा भएको क बर्गको सेट झोला उपलब्ध गराउने । लैङ्गिक आवश्यकता पुरा गर्न किशोरी हरुलाई प्याड उपलब्ध गराईने छ । तय यो सामग्री छुटै व्यवस्था गरी वितरणका बेलामात्र किशोरी हरुका झोलामा राखिने छ । (बृस्त्रित जानकारीको लागि एनेक्स १० का आइटम नं २ हेर्नुहोस) ।

**ग) नगद भाउचर :** यदि प्रभावित क्षेत्र ज्यादै दुर्गम छ जहाँ आपतकालीन अवस्थामा शिक्षाका सिकाई सामाग्रीहरु पठाउन असंभव छ तर प्रभावित क्षेत्रको स्थानीय बजारमा आपतकालीन अवस्थाका सिकाई सामग्रीहरु उपलब्ध भई ती सामाग्री छिटो छरिटो किसिमले पाइन्छ भने मात्र नगद सहयोग दिइन्छ ।

## ६.१. पूर्वतयारी र प्रतिकार्य योजना २०१६

### ६.१.१. प्रतिकार्य योजना

| प्रतिकार्य गर्नुपर्ने समय | प्रतिकार्यका क्रियाकलापहरु | जिम्मेवार संस्था सहयोगी संस्था | कैफियत |
|---|---|---|---|
| ०-७२ घण्टा | • अवस्थाको अध्यावधिक जानकारी लिन गृहमन्त्रालय/राष्ट्रिय आपतकालीन कार्य सञ्चालन केन्द्रसंग सञ्चार सम्बन्ध स्थापित गर्ने<br>• अवस्थाको ताजा जानकारी लागि सम्बन्धित क्षे.शि.नि/जि.शि.का. फोकल पर्सनहरुसँग सञ्चार सम्बन्ध स्थापित गर्ने ।<br>• शिक्षा समुहको कोरटिम संग बैंठक बस्ने ।<br>• केन्द्रीय दैवी प्रकोप उद्धार कमिटीको बैंठकमा सहभागी हुने ।<br>• शिक्षा समुहका सबै सदस्यहरुलाई राष्ट्रिय तहमा अवस्था अध्यावधिक गराउने र सर्तक रहन सन्देश पठाउने ।<br>• पूर्वतयारी र प्रतिकार्यको आधारभूत सुचनाका लागि भैपरि योजनालाई आधार लिने ।<br>• अन्य स्रोतको सुचनाहरु पुनराअवलोकन गरेर प्रभावित जनसंख्या तथा विद्यालयहरु अनुमान गर्ने ।<br>• शिक्षा समुहका सबै सदस्यहरुको सहभागितामा आपतकालीन अवस्थाबारे अध्यावधिक रहन बैठक बोलाउने/बस्ने । यस्तो बैठक | | |

| | | | |
|---|---|---|---|
| | आवश्यकता अनुसार घटनाको पहिलो र दोस्रो हप्तामा २-२ पटक र तेस्रो र चौथौ हप्तामा १-१ पटकका दरले बैठक बस्न सकिन्छ ।<br>• यदि शिक्षा क्षेत्र पनि प्रभावित भएको छ भने तत्काल आपतकालीन अवस्थामा शिक्षाका आवश्यकताहरु पहिचान गर्न सञ्चालन हुने प्रारम्भिक दूत लेखाजोखा (Initial Rapid Assessment) मा जिल्ला शिक्षा टोली संलग्न भएको सुनिश्चित गर्ने ।<br>• जिल्लाको फोकल पर्सनसंग निरन्तर सम्पर्क/सञ्चार गरेर अवस्थाको अध्यावधिक गरिरहने । | | |
| ७२ घण्टा देखि २ हप्ता | • बहुक्षेत्रीय प्रारम्भिक दूत लेखाजोखा (Multisectoral Initial Rapid Assessment-MIRA) गर्न आवश्यक भए जिल्ला शिक्षा समुह संलग्न भएको सुनिश्चित गर्ने ।<br>• गृह मन्त्रालयलाई निरन्तर शिक्षा क्षेत्रको अध्यावधिक गर्ने ।<br>• सञ्चारलाई लगातार शिक्षा क्षेत्रको अवस्था अध्यावधिक गर्ने । | लिड : गृह मन्त्रालय<br><br>शिक्षा विभाग जि.शि.का./जिल्ला लिड एजेन्सी | |
| | • जिल्ला शिक्षा समुहको बैठक भएको सुनिश्चित गर्ने । -पहिलो र दोस्रो हप्तामा २-२ पटक र तेस्रो र चौथो हप्तामा १-१ पटक | लिडःजि.शि.का | |
| | • MIRA प्रतिवेदनलाई विश्लेषण गरेर आपतकालीन शिक्षाका आवश्यकताहरु पहिचान गर्ने ।<br>• आवश्यक देखिएमा विद्यालय, कक्षाकोठाहरुको क्षतिको लेखाजोखा गरी सुरक्षित विद्यालयको सुनिश्चित गर्न अस्थायी सिकाई केन्द्रको आवश्यकता पहिचान गर्ने । | जि.शि.का./जिल्ला लिड एजेन्सी | |
| | • आपतकालीन बजेट परिचालन गरी तत्काल सहयोगका लागि फ्ल्यास अपील तयार गर्ने । (ठुलो विपदका समयमा मानवीयसहायताको लागि अन्तराष्ट्रिय सहयोग आवश्यक गरे नेपाल सरकारले संयुक्त राष्ट्रसंघ मानवीय सहायता संयोजक समक्ष अनुरोध गर्ने छ ।) | लिड : शिक्षा विभाग/एच.सि.टि. /युनिसेफ /सेमद चिल्ड्रेन | |
| | • बाल मैत्री स्थानहरु /बालमैत्री सिकाई केन्द्रहरु स्थापनाका लागि स्थानीय स्तरका वडा नागरिक मञ्च, समुदाय, विद्यालय व्यवस्थापन समिति, | लिड : शिक्षा विभाग/जि.शि.का. जिल्ला लिड एजेन्सी | |

| | | | |
|---|---|---|---|
| | युवासमूह परिचालन गर्ने । (बृस्त्रित जानकारीका लागि अनुसुचीमा दिइएको मार्गदर्शन हेर्नुहोस ।) | | |
| | • अस्थायी सिकाई स्थान निर्माण र सञ्चालनका काम सञ्चालनका लागि उपयुक्त हुने ठाउँमा नगद निकास दिने । | युनिसेफ /सेभ द चिल्ड्रेन | |
| | • प्रभावित क्षेत्रका बाल मैत्री स्थान, अस्थायी सिकाई केन्द्रमा चाहिने सिकाई/मनोरञ्जनका सामाग्री तथा अन्य सिकाई सामग्रीहरु ढुवानी गर्ने/उपलब्ध गराउने । | | |
| | • प्रोटेक्सन क्लस्टरसंगको समन्वयमा मनोरञ्जनका सामग्रीहरु भएको तथा बालक र बालिकाहरुका लागि छुटाछुटै पानी तथा सरसफाईको प्रबन्ध भएको बालमैत्री स्थानहरु उचित ठाँउमा स्थापना गर्न सहयोग गर्ने । | | |
| | • अस्थायी सिकाइ केन्द्र पहिलो चरण उचित स्थानमा बालक र बालिकाहरुका लागि छुटाछुटै पानी तथा सरसफाइको प्रबन्ध भएको, स्थानीय स्तरमा पाइने सामग्रीहरु जस्तै तारपोलिनको छानो, बाँसको संरचना र अन्य स्थानीय सामग्रीहरु प्रयोग गरी निर्माण गर्ने । (बृस्तित जानकारीका लागि अनुसुचीमा दिइएका टि.एल.सि.निर्देशिका हेर्नुहोस ।)<br>• बालमैत्री स्थान र अस्थाई सिकाई केन्द्रहरु सञ्चालनमा साझा / सहकार्यका लागि प्रोटेक्सन, वास, सेल्टर, सिसिसिएम र अर्लिरिकोभरी क्लष्टरसंगको अन्तर समूह सम्बन्ध स्थापना गर्ने ।<br>• प्रोटेक्सन समूहसंगको सहकार्य गरी प्रभावित बालबालिका तथा शिक्षकहरुलाई मनोसामाजिक परामर्श सेवा प्रदान गर्ने ।<br>• विद्यालय फर्काउने अभियान सञ्चालन गर्ने ।<br>• होस्ट विद्यालयहरुलाई विस्थापित विद्यार्थीहरु भर्ना गर्न सहयोग गर्ने ।<br>• महिला तथा पुरुष शिक्षकहरुलाई मनोसामाजिक परामर्श, स्वास्थ्य तथा सर-सफाई, विपद जोखिम न्युनीकरण, विद्यालय सुरक्षा तथा आपतकालीन शिक्षाका सामग्रीहरुलाई प्रयोग सम्बन्धी तालिम दिने ।<br>• बालबालिकाहरुलाई जीवन जीउने सन्देशहरु, स्वास्थ्य र सरसफाई, स्वास्थ्य जीवनका लागि गर्नुपर्ने अभ्यासहरु तथा लैङ्गिक हिंसा र यौन दुर्व्यवहारबाट बच्ने उपायहरु सिकाउनु पर्छ ।<br>• अस्थायी सिकाइ केन्द्रहरु सञ्चालनका लागि लैङ्गिक पक्षलाई समावेशी बनाउँदै सरकारी विद्यालयका शिक्षकहरु तथा स्वयंसेवी शिक्षकहरु | | |

| | | | |
|---|---|---|---|
| | नियुक्त गर्ने । | | |
| तेस्रो देखि चौथों हप्ता | • ३ देखि ४ वर्षका बालबालिकाहरुलाई बालमैत्री स्थानहरुबाट बालविकास केन्द्रमा पठाउन र ५ वर्षदेखि माथिका बालबालिकाहरुलाई अस्थायी सिकाई केन्द्रमा पठाउन सहयोग गर्ने ।<br>• बाल मैत्री स्थान र अस्थायी सिकाइ केन्द्रहरुको सञ्चालन र व्यवस्थापनका लागि समुदाय तथा विद्यालय व्यवस्थापन समितिहरुलाई सहयोग र परिचालन गर्ने ।<br>• सञ्चालन भइरहेका आपतकालीन अवस्थामा शिक्षा कार्यक्रमका क्रियाकलापहरुको अनुगमन/सहजीकरण गरेर समावेशी र बालमैत्री सिकाई वातावरण लागु भएको सुनिश्चित गर्ने ।<br>• विशेष संरक्षण र स्वास्थ्य सेवा आवश्यक भएका बालबालिकाहरुलाई रिफर गर्ने परिपाटि स्थापित गर्ने ।<br>• केन्द्र र जिल्ला तहमा शिक्षा समूहको समन्वय बैठक हप्ताको एकपटक वा आवश्यकता अनुसार बस्ने ।<br>• निरन्तर आपतकालीन अवस्थामा शिक्षाका बारेमा अध्यावधिक गर्ने । | | |
| ५ देखि ८ हप्ता ( २ महिना) | • संचालन भइरहेको आपतकालीन अवस्थामा शिक्षा कार्यक्रमका क्रियाकलापहरु पुनरावलोकन गर्ने र अस्थायी सिकाई केन्द्र पहिलो चरणबाट दोस्रो चरणमा रुपान्तरण गर्न अर्ध स्थायी खालको संरचना जस्तै जस्तापाता, काठ, ढुङ्गा आदि प्रयोग गरेर मौसम अनुकूल बनाउने ।<br>• शिक्षाको दीर्घकालीन पुनर्प्राप्तिका क्रियाकलापहरुका लागि पहिचान, योजना र स्रोत परिचालनका लागि शिक्षा समुहको समन्वय बैंठक बस्ने ।<br>• दीर्घकालीन पुनर्प्राप्ति आवश्यकताहरुको बृस्त्रितीकरणका लागि शिक्षा समुहको बृस्त्रीत लेखाजोखा कार्यशाला संचालन गर्ने | | |
| तेस्रो महिना र त्यपछि | • निरन्तर आपतकालीन अवस्थाको अध्याबधिक गर्ने ।<br>• Build Back Better Schools को मर्म अनुरुप शैक्षिक क्रियाकलापहरुको पुनप्राप्तिका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय दातृनिकायहरुको परिचालन गर्ने । (CSDA का आधारमा)<br>• विद्यालय सुरक्षाको तीन खम्वे ढाचा अनुसार विद्यालयमा विपद जोखिम न्यूनीकरण र विपद पूर्वतयारी तथा प्रतिकार्यका क्रियाकलापहरु | लिड : जिल्ला शिक्षा कार्यालयको लिड्स : युनिसेफ/सेभ द चिल्ड्रेन | |

| | | | |
|---|---|---|---|
| | समावेश गरी प्रभावित क्षेत्रका विद्यालयहरुमा समग्र विद्यालय सुरक्षा ढाचा (Comprehensive School Safety Framework) स्थापित गर्ने । | | |

## ६.१.२ पूर्वतयारी कार्य योजना

| पूर्वतयारीका क्षेत्र | पूर्वतयारीका क्रियाकलापहरु | जिम्मेवार व्यक्ति/ संस्था | कहिले | कार्य प्रगति अवस्था | कैफियत |
|---|---|---|---|---|---|
| क) आापतकालीन सञ्चार प्रणाली | १.(MOHA/NEOC/DEOC) हरुका मुख्य संम्पर्क व्यक्तिहरुको टेलिफोन/मोबाइल संम्पर्क नंम्बर, इमेल, ठेगाना आदि अध्यावधिक गर्ने ।<br>२. बाढी प्रभावित २२ जिल्ला, भूकम्प प्रभावित १४ जिल्लाहरुका जिल्ला शिक्षा कार्यालयका आपतकालीन अवस्थामा शिक्षा कार्यक्रमका सम्पर्क व्यक्तिहरुको बृस्त्रित सम्पर्क ठेगाना अध्यावधिक गर्ने ।<br>३. शिक्षा समुहका सदस्य संस्थाहरुका सम्पर्क व्यक्तिहरुको बृस्त्रित सम्पर्क ठेगाना राष्ट्रिय तहमा अध्यावधिक गर्ने ।<br>४.DDRC/DEOC तथा जिल्लाका बिषयगत क्लष्रहरु का सम्पर्क व्यक्तिहरुको बुस्त्रित सम्पर्क ठेगाना अध्यावधिक गर्ने ।<br>५. शिक्षा विभाग र शिक्षा समुह भित्र सञ्चार बुक्षलाई स्तापित गर्ने । | शिक्षा विभाग, विपद जोखिम व्यवस्थापन शाखा (DRMS) को लिडस: युनिसेफ/ सेभ द चिल्ड्रेन | प्रत्येक तीन तीन महिनामा | १.भयो<br>२.भयो<br>३.भयो<br>४.भयो<br>५. डिसेम्बर लाई योजना गरेको छ । | १. एनेक्स १<br>२. एनेक्स१<br>३. एनेक्स२<br>४. एनेक्स ४ र ५ |
| ख) प्रभावकारी समूह (क्लष्टर समन्वय | निम्न कार्य सञ्चालनका लागि क्लष्टर समन्वय संयन्त्र स्थापना गर्ने :<br>१. आपतकालीन अवस्थामा शिक्षा प्रतिकार्यका लागि चाहिने स्टेन्डर अपरेटिङ्ग प्रोस्युडर(एसओपी) लाई पुनरावलोकन र अध्यावधिक गर्ने ।<br>२. आपतकालीन अवस्थामा शिक्षा प्रतिकार्यका काम गर्न लिड एजेन्सी -शिक्षा विभाग)को लिडस, टिओआर दिएर जिल्लामा खटाइएका क्लष्टर लिडका व्यक्ति । क्लष्टरका | लिड: शिक्षा विभाग/ जि.शि.का. को लिडस: युनिसेफ/ सेभ द चिल्ड्रेन<br><br>जिल्ला लिड एजेन्सी | अप्रील २०१७ भन्दा अघि सम्म | आवधिक रुपमा पुनरावलोकन गर्ने । | भग ९.३<br>१ भाग<br><br>२ भाग ९.२<br>३. एनेक्स ७ |

| | | | | | |
|---|---|---|---|---|---|
| | सदस्यहरुको स्पष्ट काम, जवाफदेहि र उत्तरदायित्व स्थापित गर्ने ।<br>३. शिक्षा समूहका प्रत्येक सदस्य संस्थाका सम्पर्क व्यक्ति र विज्ञताको क्षेत्र, सदस्य संस्थाले मानवीय सहायता प्रतिकार्यमा पुऱ्याउन सक्ने योगदान र संस्थाको नक्साङ्कन तथा उक्त कार्यका लागि उपलब्ध गराउन सक्ने स्रोतको पहचान गर्ने ।<br>४. गृहमन्त्रालय/CNDRC, IASC / Inter cluster coordination Meetings हरुमा उपस्थित भएर शिक्षा समूहको अध्यावधिक गर्ने र पूर्वतयारीलाई प्रवर्धन गर्ने ।<br>५. समयमा उचित प्रतिकार्य भएको सुनिश्चित गर्न आपतकालीन अवस्थामा शिक्षा कार्यक्रम अनुगमन टोली स्थापित गर्ने ।<br>६. अन्तर समूह समन्वय :<br>क) बाल संरक्षण, पानी तथा सरसफाई, विद्यालयलाई आश्रयस्थलको रुपमा प्रयोग भइरहेको, लजिष्टिक सेवा, बालबलिका पहिचान/पत्तालगाउने विषयमा समन्वय गरी आपतकालीन अवस्थाका शिक्षालाई प्रभावकारी बनाउन प्रोटेक्शन, वास, सेल्टर, स्वास्थ्य र पोषण, लजिष्टिक, सिसिसिएम र अर्लिरिकोभरी क्लष्टरसंग समन्वय गर्ने ।<br>ख) बालक र बालिकाहरुका लागि छुटाछुटै चर्पीको समेत व्यवस्था गरी लैङ्गिक मैत्री तथा अपाङ्गमैत्री वास सेवा सुविधा भएको सुनिश्चित गर्ने ।<br>ग) अन्तर समूह समन्वय बैठकहरुमा सहभागी भई विपद पूर्वतयारी तथा प्रतिकार्यका साझा सवालहरुलाई सम्बोधन गर्ने । | शिक्षा विभाग कष्टरको लिडस् | अप्रिल २०१७ | नियमित रुपले गरिने | भाग ११.४ |
| | ७. पुनरावलोकन र अध्यावधिक:<br>क) भैपरि योजनाका पूर्वतयारी कार्य योजनाको प्रभावकारी कार्यान्यनको अवस्था आवधिक रुपमा पुनरावलोकन गर्ने । | शिक्षा विभाग कष्टरको लिडस् | त्रैमासिक रुपले, अप्रिल २०१७ भन्दा | | भग ६.१.२ छनौट भएका जिल्लाहरुको वर्षको एकपटक सिमुलेसन/ड्रिल |

| | | | | | |
|---|---|---|---|---|---|
| | ख) बर्षा शुरु हुनु अगावै वर्षको एक पटक भैपरि योजनाको पुनरावलोंकन गरी आवश्यक देखिएका कुराहरुमा अध्यावधिक गर्ने ।<br>ग) समयमै कदम चाल्न हुन सक्ने (सामान्य) विपद र मानवीयसहायताको अवस्थाबारे समूहका सदस्यहरुलाई अध्यावधिक गराइराख्ने ।<br>घ) भैपरि योजनाको प्रभावकारिता थाहा पाउँन सिमुलेसन/ड्रिल अभ्यास गराउने ।<br>ङ) आपतकालीन अवस्थामा शिक्षाको प्रतिकार्यलाई अनुगमन गर्न आवश्यक पर्ने सुचकहरु र औजार /साधनहरु तयार गर्ने ।<br>च) विपद जोखिम रहेका जिल्लाहरुमा राहतका लागि नगद अनुदान दिनका लागि संभाव्यता अध्ययन गर्ने । नगद अनुदान समूहको बैठकबसी नगद अनुदान दिंदा अपनाउनु पर्ने सही प्रक्रिया तयार गर्ने । | जिल्ला लिड एजेन्सी | अगाडि | | |
| ग) सुचना व्यस्थापन र सञ्चारसंगको भेटघाट | शिक्षा विभागमा सुचना व्यवस्थापन एकाइको स्थापना /सुदृढिकरण:<br>१) आपतकालीन अवस्थामा शिक्षा संग सम्बन्धित सुचनाहरुको सिंहाबलोकन गरी तिनीहरुलाई डाटाबेश गर्न तथा शिक्षा विभागको EMIS शाखासंग सुचनाहरुलाई आवद्ध गराउन सुचना व्यवस्थापन अधिकृतको नियुक्ति गर्ने ।<br>२) आपतकालीन अवस्थामा शिक्षासंग सम्बन्धित सुचनाहरु अध्यावधिक गरी सबै क्लष्टर सदस्यहरु सम्म प्रबाह गर्ने ।<br>३) सञ्चारमाध्यमहरुलाई सही, अध्यावधिक/ताजा र शिक्षा विभागको अधिकारीक सुचना श्रव्य दृष्य, सामाजिक सञ्जाल या पत्रपत्रिका/छापा मार्फत सञ्चार गर्न प्रबक्ता/सञ्चार सम्पर्क व्यक्ति | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | नियुक्ति गर्ने ।<br>४) आपतकालीन अवस्थामा शिक्षासंग सम्बन्धित नीति नियमहरु मुख्य दस्तावेजहरु, सन्दर्भ सामाग्रीहरु तालिम तथा वकालत गर्ने, सामाग्रीहरुलाई छनौटगरी Knowledge Management Sytem स्थापना गर्ने ।<br>५) EMIS को विद्यालय संम्बन्धी सेकेन्डरी तथ्याङ्कका आधारमा विपद जोखिममा रहेका जिल्लाहरुको विपद पूर्वतयारी र प्रतिकार्य योजना बनाउने ।<br>६) विपद प्रतिकार्य र पूर्वतयारी योजना निर्माणका लागि आधारभूत आवश्यक फ्ल्यास रिपोर्ट तयारी अवस्थामा उपलब्ध भएको सुनिश्चित गर्ने ।<br>७) आपतकालीन अवस्थामा शिक्षा कार्यक्रमका सामाग्रीहरु तथा IRA/MIRA Tools हरुका बारेमा जिल्लाका सम्पर्क व्यक्तिहरु तथा शिक्षा समूहका सदस्यहरुलाई तालिम दिन र अभिमुखीकरण गर्न सुचना व्यवस्थापन अधिकृतलाई खटाउने ।<br>८) सुचना व्यवस्थापनका लागि राष्ट्रिय स्तरमा NEOC र जिल्ला तहमा DEOC संग सम्बन्ध स्थापित गर्ने ।<br>९) शिक्षा समुहका सदस्यहरु तथा जिल्ला शिक्षा कार्यालयहरुलाई IRA/MIRA tools हरुको प्रयोगबारे अनुशिक्षण गर्ने ।<br>१०) भौतिक लेखाजोखा फारम पहिल्यै छपाएर राख्ने, क्षतिको बर्गीकरण अनुसार विद्यालय भवनहरुमा राखिने हरियो, रातो र पहेंलो झण्डाका लागि मार्गदर्शन तयार गर्ने ।<br>११) विद्यालय भवनहरुमा किन फरक फरक रंङ्मा झण्डा राखिन्छन र विद्यालय सुरक्षामा तिनीहरुको के महत्व छ भन्ने विषयमा शिक्षक, | | | | भाग ११.२ |